
के तपाईको घर पानीले रसाएको छ ?
अब चिन्ता नगर्नुहोस !
चिन्ताको समाधान Waterproofing ले गर्ने छ । १००% ग्यारेन्टीका साथ समस्यको समाधान ।
सम्पर्कः प्रगति ट्रेड कन्सर्न
रानीपौवा, पोखरा-११ (रञ्जित पार्टी प्यालेसको नजिकै)
०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३

राष्ट्रिय दैनिक
# पोखरापत्र
Pokharapatra National Daily

**विषालु च्याउबाट जोगिऔं ।**
जंगली च्याउहरु विषालु पनि हुनसक्छन्, त्यसैले राम्ररी पहिचान गरेर मात्र खाऔं ।
खेती गरेर उमारेका च्याउ खाने गरौं ।
जीवन सुरक्षित गरौं ।
नेपाल सरकार
विज्ञापन बोर्ड

❑ वर्ष २३ ❑ अङ्क २०३ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०७९ साउन २२ गते आइतबार ❑ 7 Aug 2022 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५ ।-

## नेकपा (एकीकृत समाजवादी)मा जनताको आकर्षण बढेको छ : अध्यक्ष नेपाल

पोखरापत्र संवाददाता
पोखरा, २१ साउन

नेपाल कम्युनिष्ट पार्टी (एकीकृत समाजवादी)का अध्यक्ष एवं पूर्वप्रधानमन्त्री माधवकुमार नेपालले स्थापनाको छोटो समयमै आफ्नो पार्टीमा जनताको आकर्षण बढेको बताउनुभएको छ ।




मुस्लिम इत्तेहाद सङ्गठनको गण्डकी प्रदेशस्तरीय भेलाको शनिबार पोखरामा उद्घाटन गर्दै उहाँले आगामी मङ्सिरमा हुने प्रतिनिधिसभा र प्रदेशसभा निर्वाचनले पार्टीलाई देशैभर थप स्थापित गर्नेसमेत बताउनुभयो । संविधान र लोकतन्त्र जोगाउन र समग्र परिवर्तनको रक्षाका लागि पार्टी स्थापना गरिएकाले समेत जनतामा पार्टीप्रति उत्साह बढेको उहाँको भनाइ छ । अध्यक्ष नेपालले पार्टीका नेता-कार्यकर्तालाई सङ्गठन निर्माण गरेर चुनावको तयारीमा लाग्न र जनतामा जान निर्देशनसमेत दिनुभयो । उहाँले गठबन्धनका दलले एक्लै बहुमत ल्याउँछु भनेर घमण्ड र अहङ्कार नदेखाउनसमेत आग्रह गर्नुभयो ।

उहाँले भन्नुभयो, "गठबन्धन भएका स्थानमा गठबन्धनका उम्मेदवारलाई र पार्टीको एकल उम्मेदवारी भएका ठाउँमा पार्टीका उम्मेदवारलाई विजयी गराउन लाग्नुहोला । जनताको दुःख, सुखमा साथ दिने काम गरेर निर्वाचनमा पार्टीलाई महत्वपूर्ण शक्तिका रूपमा स्थापित गर्नुपर्नेछ ।" गत स्थानीय तहको निर्वाचनमा आफ्नो पार्टीले अपेक्षित सफलता प्राप्त गर्न नसके पनि पोखरा महानगरपालिका र हेटौँडा उपमहानगरपालिकामा प्रमुख पदमा जित्न सफल भएको उहाँले उल्लेख गर्नुभयो । अध्यक्ष नेपालले धेरै स्थानमा पार्टीको चुनाव चिह्न जनतालाई चिनाउन नसकेको र धेरै मत बदर भएकाले समेत अपेक्षित नतिजा प्राप्त हुन नसकेको बताउनुभयो ।

नेपालमा मुस्लिम समुदायमा रहेको गरिबी अन्त्य गर्नुपर्ने खाँचो रहेको बताउँदै अध्यक्ष नेपालले राज्यको तर्फबाट पिछडिएको वर्गका लागि विशेष ध्यान दिनुपर्ने बताउनुभयो ।

सो कार्यक्रममा प्रतिनिधिसभाका सांसद कलिला खातुन, पोखरा महानगरका प्रमुख धनराज आचार्य, मुस्लिम इत्तेहाद सङ्गठनका अध्यक्ष ताजमहमद मियाँलगायतले मुस्लिम समुदायको हक-अधिकारका बारेमा राज्य जिम्मेवार बन्नुपर्ने बताउनुभयो ।

## 'शिक्षाको ज्योति छर्नेहरू भगवान् सरह'

पोखरापत्र संवाददाता
पोखरा, २१ साउन



गण्डकी प्रदेशका प्रदेश प्रमुख पृथ्वीमान गुरुङले समाजलाई सही मार्गमा डोहोऱ्याउनेहरू नै भगवान् हुने बताउनुभएको छ ।

शिक्षासेवी जोर्ज जोनको नाममा स्थापित जोर्जजन शिक्षा प्रतिष्ठानको पोखरामा शनिबार आयोजित २४औं वार्षिकोत्सव, शिक्षासेवी सम्मान एवं छात्रवृत्ति वितरण कार्यक्रममा प्रदेश प्रमुख गुरुङले शिक्षाको ज्योति फैलाउने असल गुरुको रूपमा चिनिनुहुने जोर्जजोनको योगदान अतुलनीय रहेको बताउनुभयो । उहाँले यदि भगवान् छन् भने जोर्जजोनलाई भगवान्‌को उपमा दिँदा फरक नपर्ने बताउनुभयो । उहाँले समाजलाई सकारात्मक मार्गमा लैजान शिक्षाको महत्व रहने जनाउँदै असल गुरुबाट मात्र त्यो सम्भव हुने धारणा राख्नुभयो । सो अवसरमा शिक्षाको क्षेत्रमा योगदान पुऱ्याउने विभिन्न व्यक्तित्वहरूलाई सम्मानसमेत गरिएको थियो । यसरी सम्मानित हुनेमा बेनी क्याम्पस म्याग्दीका पूर्वअध्यक्ष बालकृष्ण सुवेदी, पृथ्वीनारायण क्याम्पसका प्राध्यापक डा विकास केसी, प्राध्यापक डा मीन पुन, शितलादेवी सामुदायिक विद्यालय पोखराका अध्यक्ष टीकाबहादुर कार्की, महेन्द्र मावि घार्मी पोखराका पूर्वअध्यक्ष हुतराज शर्मा पौडेल, पृथ्वीनारायण क्याम्पसमा विगत ४३ वर्षदेखि कार्यरत कार्यालय सहायक मनसुबा थापा हुनुहुन्छ । उहाँहरूलाई दोसल्ला र सम्मानपत्रले सम्मान गरिएको हो । सम्मानित व्यक्तिहरूको तर्फबाट बालकृष्ण सुवेदी, प्रा डा विकास केसी, पृथ्वीनारायण क्याम्पसका प्रमुख प्रा डा सरोज कोइराला, पोखरा महानगरका प्रमुख धनराज आचार्य, प्रतिष्ठानका उपाध्यक्ष रामगोपाल ढेवाजु, प्रतिष्ठानका सदस्य अर्जुन अधिकारीले प्रतिष्ठान र जोर्जजोनको योगदानको बारेमा चर्चा गर्दै आफ्नो धारणा राख्नुभएको थियो ।

प्रतिष्ठानका अध्यक्ष गेहेन्द्रश्वर कोइरालाले जोर्जजोन र उहाँकी जीवनसङ्गिनी भारतको केरलाबाट पोखरा आएर पृथ्वीनारायण क्याम्पसको शैक्षिक उन्नयनका लागि खेलेको भूमिका निकै अतुलनीय रहेको चर्चा गर्दै उहाँले शिक्षा क्षेत्रको एक आदर्श व्यक्तित्वको रूपमा चित्रण गर्नुभयो ।

कार्यक्रमको संस्थागत उद्देश्यसहित स्वागत सदस्य अरुणा शेरचनले गर्नुभएको थियो भने प्रतिष्ठानका सचिव एवं प्रदेशसभा सदस्य राजीव पहारीले प्रतिष्ठानले शैक्षिक क्षेत्रमा गरेका उल्लेखनीय कार्यसँगै जोर्जजोनको बारेमा प्रष्ट्याउनुभएको थियो ।

## सामुदायिक वन पर्या-पर्यटन र उद्यमशीलतातर्फ जुट्दै

पोखरापत्र संवाददाता
पोखरा, २१ साउन

सामुदायिक वनमा आयआर्जनको मुख्य स्रोत काठको विकल्प खोज्न थालिएको छ । प्राकृतिक स्रोत काठ निकासीमा झन्झटिलो कानूनी व्यवस्था भएका कारण उपभोक्ता समूहले आम्दानीका लागि वैकल्पिक बाटो अपनाउन थालेका हुन् ।

लामो समयदेखि वनको संरक्षण, संवर्द्धन र उपयोग गर्दै आएका सामुदायिक वनका उपभोक्ता समूहले सम्भाव्यता अध्ययनका आधारमा पर्या-पर्यटन तथा उद्यमशीलताको विकाससँगै आयआर्जमा जोड दिन थालेका हुन् । सेती नदीको किनारस्थित भिरालो पाखोमा पोखरा महानगरपालिका-१७ रातोपैह्रा सामुदायिक वन समूहले पनि त्यस्तै बाटो अपनाउँदै पर्या-पर्यटन प्रवर्द्धनसँगै रोजगार सिर्जना गर्ने उद्देश्यका साथ वन क्षेत्रमा सुविधा सम्पन्न पदमार्ग निर्माण कार्य सुरु गरेको छ । साढे दुई किलोमिटर लम्बाइको उक्त पदमार्ग निर्माणका लागि पोखरा महानगरपालिकाको वन तथा वातावरण महाशाखाको रु १० लाख र रु एक लाख ७५ हजार स्थानीय जनसहभागितामा तीन सय मिटर पदमार्ग निर्माण सम्पन्न भएको छ । बहुवर्षे योजनाका आधारमा निर्माण सम्पन्न गर्ने लक्ष्य लिइएको ओमकारेश्वर प्राकृतिक पुल ढुङ्गेसाँघु नामकरण गरिएको उक्त पदमार्गमा यात्रु सुरक्षाका लागि एकतर्फ फलामे रेलिङबारकोसमेत व्यवस्था गरिएको पदमार्ग निर्माण समितिका संयोजक टीकाबहादुर द्वारेले जानकारी दिनुभयो ।

रातोपैह्रा सामुदायिक वन समूहका उपाध्यक्षसमेत रहनुभएका द्वारेका अनुसार पोखराको महत्वपूर्ण पर्यटकीय गन्तव्य अन्तर्राष्ट्रिय पर्वतीय सङ्ग्रहालय, प्राकृतिक पुल ढुङ्गेसाँघुलगायत विभिन्न धार्मिक क्षेत्रसहित वन विज्ञान अध्ययन संस्थान डिनको कार्यालयसँग जोडिएको उक्त सामुदायिक वनको साढे १२ हेक्टर क्षेत्रफल छ ।

विसं २०४१ मा सरकार ीस्तरबाट वृक्षरोपण गरी नर्सरी वनका रूपमा विकास गरिएको सो सामुदायिक वनमा उपभोक्ताको अथक प्रयासबाट हरियाली प्रवर्द्धन भएको छ । उहाँले भन्नुभयो, "पदमार्ग निर्माणसँगै पर्यटन प्रवर्द्धनका साथै यस क्षेत्रका बासिन्दाका लागि रोजगारसमेत सिर्जना हुने विश्वास छ ।" पदमार्गअन्तर्गत चुन पोल्ने स्थानमा रहेको ठूलाठूला चट्टाने ओडारमा रेष्टुरेन्ट सञ्चालन गरिने र विशेष गरी प्राकृतिक पुल ढुङ्गेसाँघुको भूवनोटका बारेमा अध्ययन अवलोकन गर्न सहयोग पुग्ने संयोजक द्वारेको भनाइ छ ।

सामुदायिक वन समूहका सचिव विष्णुमाया थापाका अनुसार पदमार्ग निर्माणले यस क्षेत्रको थप पर्यटकीय गन्तव्यका रूपमा विकास हुनुका साथै उपभोक्तालाई वन पैदावार निकासीका साथै अग्निरेखाको समेत काम गर्नेछ । समूहको प्रयासमा विभिन्न समयमा रोपिएका बिरुवा हुर्केपछि वनको रुप लिएको उल्लेख गर्दै उहाँले भन्नुभयो, "वनमा बाँस, चाँप, लप्सी, उत्तिस, पाउलोनिया, रुद्राक्षलगायत प्राकृतिक बिरुवा हुर्केका छन् । सुरुको अवस्थामा रोपिएका सिसौका बोट भने अधिकांश सुकिसकेका छन् ।"

कास्कीका कतिपय सामुदायिक वन समूहले प्राकृतिक स्रोत पानीलाई शुद्धीकरण गरी बजारमा बिक्रीवितरण गर्दै आएका छन् । लप्सीको अचार बनाएर स्वदेश तथा विदेशमा स्वाद चखाउने, नगदेबाली अलैँची, कुरिलो, कफी, लगाएर वन संरक्षणसँगै मनग्य आर्यआर्जन गर्न थालेका छन् ।

## संविधानको रक्षाका लागि तालमेल आवश्यक : नेता कोइराला

रासस
काठमाडौं, २१ साउन

नेपाली कांग्रेसका केन्द्रीय सदस्य डा शशाङ्क कोइरालाले संविधानको रक्षाका लागि प्रतिनिधि सभा र प्रदेश सभाको निर्वाचनमा गठबन्धन दलहरूबीच तालमेल आवश्यक भएको बताउनुभएको छ ।

सञ्चारकर्मीसँग शनिबार यहाँ कुराकानी गर्दै उहाँले कांग्रेससित निर्वाचनमा एक्लै लड्न सक्ने तागत भए पनि संविधानको रक्षा, देशको विकास र

बाँकी अन्तिम पृष्ठमा ▶▶

## कांग्रेसले बहुमत ल्याउने गरी निर्वाचनका तयारीमा लाग्नुस् : महामन्त्री गगन थापा

रासस
भक्तपुर, २१ साउन

नेपाली कांग्रेसका महामन्त्री गगन थापाले आगामी मङ्सिर ४ गते हुने सङ्घीय र प्रदेशसभाको निर्वाचनको तयारीमा लाग्न कार्यकर्तालाई निर्देशन दिनुभएको छ ।

स्व. श्यामबहादुर कार्कीको १५औँ स्मृति दिवसका उपलक्ष्यमा आज भक्तपुरको बालकोटमा श्यामबहादुर स्मृति प्रतिष्ठानले आयोजना गरेको खुल्ला रक्तदान, स्कुल, ब्याग तथा स्टेसनरी सामग्री वितरण कार्यक्रममा उहाँले कांग्रेसलाई बहुमत आउने गरी चुनावको तयारीमा लाग्न कांग्रेसका सबै नेता तथा कार्यकर्तालाई निर्देशन दिँदै भक्तपुरका दुवै क्षेत्रमा कांग्रेसको झण्डा फहराउन आग्रह गर्नुभयो ।

नेपाली कांग्रेसका युवानेता गुरुराज घिमिरेले प्रजातन्त्र आएको ३२ वर्ष पार गर्दा पनि देशले उपलब्ध हासिल गर्न नसकेको बताउनुभयो । उहाँले जापान, सिङ्गापुर, दुबईलगायत विभिन्न देशले १२ देखि ३० वर्षमा ठूलो प्रगति गरेको स्मरण गराउँदै नेपालले प्रजातन्त्र उदय भएको ३२ वर्षमा सरकार परिवर्तन गर्ने र निर्वाचन गर्नेबाहेक केही गर्न नसकेको आरोप लगाउनुभयो ।

नेता घिमिरेले भन्नुभयो, "२०४६ सालपछि जनताले यो मुलुक चलाउने जिम्मेवारी हाम्रो काँधमा सुम्पिएकामा यो ३२ वर्ष निर्वाचन गर्ने, सरकार परिवर्तन गर्ने, फेरि सरकार परिवर्तनको खेल सुरु गर्ने, फेरि निर्वाचन गर्नेजस्तो चक्रिय फेरबदलबाहेक केही काम हुन सकेन यसको जिम्मेवारी हामीले लिनुपर्छ ।"

उहाँले निर्वाचन आउँछ, जान्छ तर देश बदलिँएन, जनस्तर पनि सुध्रिएन, त्यसैले अबको निर्वाचनपछि हामी बाटो बदल्छौँ, देश र जनताको पक्षमा परिवर्तन ल्याउँछौँ भन्ने सङ्कल्प गर्नु आवश्यक छ भन्नुभयो ।

नेपाली कांग्रेसका केन्द्रीय नेताहरू रमा कोइराला, जितजङ्ग बस्नेत, सुरेन्द्र केसी, जिल्ला सभापति दुर्लभ थापा, पूर्वसङ्घीय सांसद लेखनाथ न्यौपाने, बाग्मती प्रदेशकी भौतिक पूर्वाधार राज्यमन्त्री रजनी जोन्छे, रामप्रसाद दवाडीलगायतले निर्वाचनमा कांग्रेस एक ढिक्का भएर अगाडि बढ्नुपर्नेमा जोड दिनुभयो ।

कार्यक्रमका सभापति एवं प्रतिष्ठानका अध्यक्ष विष्णुराज कार्कीले स्थानीय गणेश आधारभूत विद्यालय बालकोटका ९२विद्यार्थीलाई स्कुल ब्याग, कापी, कलमलगायतका स्टेशनरी सामानहरू हस्तान्तरण गर्नुभयो । कार्यक्रममा ६४ जनाले रक्तदान गरेका थिए ।



**सुक्तिसुधा**

म जति धेरै अभ्यास गर्छु त्यति भाग्यमानी ठहरीनेछु।

- जर्ज बार्वर

## सम्पादकीय

# असफल प्रयोगको पुनरावृत्ति

नेपालका राजनीतिक दलले प्रयोगमा ल्याएर असफल भएको दुई अध्यक्ष फेरि नयाँ पार्टीले अपनाएको छ। नेपाल कम्युनिस्ट पार्टी एमाले र माओवादी केन्द्र मिलेर बनेको नेकपा दुई अध्यक्ष असफल भएको थियो। पार्टी एकताले पुर्णता नपाउँदै दुई अध्यक्षको कारण विभाजन भयो। विभाजन हुँदा चार पार्टी भएका छन। नेकपा जसरी राजपा र समाजवादी पार्टीको एकता हुँदा दुई अध्यक्षको ब्यवस्था गरिएको थियो। त्यो पनि एक वर्षको पछि विभाजित भयो। दुई अध्यक्ष राखेको विवेकशील साझा पनि विभाजनको शिकार भएको छ। विगतमा राष्ट्रिय प्रजातन्त्र पार्टी दुई अध्यक्षको अभ्यास गर्दा विभाजित भएको थियो। धेरै नायक भएको सफल भएको नेपालमा भेट्न सकिएको छैन।

धेरैबाट असफल भएको दुई अध्यक्ष राख्ने काम फेरि डाक्टर बाबुराम भट्टराईले गरेका छन।उपेन्द्र यादवबाट विभाजित भएको नेपाल समाजवादी पार्टीको प्रथम पूर्ण  बैठकले एक नम्बर वरीयताको अध्यक्षमा डा. बाबुराम भट्टराई र अर्का अध्यक्ष महिन्द्र राय यादवलाई बनाएको छ।  दुई अध्यक्षको ब्यवस्था फेरि विभाजनका लागि आधार तयार गर्ने बाटो हो। बैठकले सहध्यक्षमा (तेस्रो वरीयतामा) गंगानारायण श्रेष्ठलाई बनाएको छ भने उपाध्यक्षमा हिसिला यमी, भक्तबहादुर शाह, दुर्गा सोव र महासचिवमा रमेशप्रसाद यादवलाई बनाएको छ। सबैलाई पद नै चाहिने हुँदा भाग पुऱ्याउने काम भएको छ।

बैठकले ९ जना केन्द्रीय कार्यकारिणी सदस्यहरूलाई प्रदेश इन्चार्ज पनि तोकेको छ। जसमा १ नम्बर प्रदेशमा राजेन्द्रकुमार किराती, मधेस प्रदेशमा देवेन्द्र यादव, वाग्मती प्रदेशमा अक्कलबहादुर थिङ, गण्डकी प्रदेशमा मोतिप्रसाद पंगाली, लुम्बिनी प्रदेशमा कमलप्रसाद खनाल, कर्णाली प्रदेशमा देवीबहादुर बुढाथोकी, सुदूरपश्चिम प्रदेशमा जनक शाह, गैरभौगोलिक विशेष प्रदेशमा ईश्वर रिजाल र प्रवास विशेष प्रदेशमा घमानसिं गुरुङलाई जिम्मेवारी दिइएको छ। १८९ सदस्यीय समितिमा भट्टराईले छोरी मानुषी यमी भट्टराईलाई केन्द्रीय सदस्य बनाएका छन।राजनीतिमा परिवारलाई सामेल गराउनु राम्रो भए पनि उपाध्यक्ष श्रीमती र पदाधिकारी छोरी राख्नु परिवारवाद हो।

बैठकले आगामी मङ्सिर ४ गते हुने सङ्घ र प्रदेशको निर्वाचनमा विचार र मुद्दा मिल्ने राजनीतिक शक्तिहरूसँग आवश्यकताअनुसार तालमेल, गठबन्धन, मोर्चा, ध्रुवीकरण र एकतासम्म गर्नसक्ने निर्णय गरेको छ। बैठकले हाल १८९ सदस्यीय केन्द्रीय सदस्य बनाएको छ। समान विचार र सिद्धान्त भएका दलहरूबीच एकता, गठबन्धन र तालमेल स्वभाविक भए पनि पद र शक्तिका लागि जोसंग पनि मिल्नु अराजनीतिक र अवसरवाद हो।त्यसको कारण राजनीतिक दल र नेताहरुप्रति गरिने नकारात्मक टिप्पणी र व्यवहार हो। धेरै पढेको जानेको र बुझेको नेतालाई पाँच वर्षको अबधि पुरा नहुँदै चारवटा पार्टीको नेतृत्व गरेर राजनीतिलाई अराजनीतिक बनाउने काम भएको छ।


## तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : कार्यमा सफलता | तुला | : आर्थिक समस्या |
| वृष | : मन चञ्चल | वृश्चिक | : मानसिक तनाब |
| मिथुन | : सहयोग मिल्नेछ | धनु | : शारीरिक झमेला |
| कर्कट | : सत्कार मिल्नेछ | मकर | : ब्यापारमा लाभ |
| सिंह | : सम्मान मिल्नेछ | कुम्भ | : शत्रुको भय |
| कन्या | : अप्रत्यसित लाभ | मीन | : झमेला बड्ने |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**

पोखरा-१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६

चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस्।


# मनाङमा ३८ योजना सम्पन्न

**रासस**

**मनाङ, २१ साउन**

हिमाली जिल्ला मनाङमा आर्थिक वर्ष २०७८/७९ मा ३८ योजना निर्माण सम्पन्न भएका छन्। सो आवमा सुरु गरिएका पाँच योजना निर्माण सम्पन्न हुन बाँकी छन्।

पूर्वाधार विकास कार्यालयका अनुसार पाँचै योजनाको रकम फ्रिज भएको छ। बजेट विनियोजन भए पनि समयमा निर्माण प्रक्रिया नथाल्दा रकम फ्रिज भएको कार्यालय प्रमुख जय विष्टले जानकारी दिनुभयो। गत आवमा जिल्लामा रु एक करोडको लागतमा दुई झोलुङ्गे पुल निर्माण भएका थिए। जिल्लामा रु ९० लाखको लागतमा ङावल ढलान बाटो, रु ५० लाखमा भ्राकास्थित मिलेरेपा गुफा जाने बाटो निर्माण गरिएको छ। यस्तै रु २९ करोडको लागतमा मुङ्जे-खाङ्सार सडक निर्माण भइरहेको छ। "हालसम्म रु पाँच करोडबराबरको काम भइसकेको छ। बाँकी काम चालु आर्थिक वर्षमा हुनेछ," प्रमुख विष्टले भन्नुभयो। मनाङमा तीन बहुवर्षीय योजना छन्। दुई मोटरेवल पुल र मुङ्जे टङ्की मनाङ सडक कालोपत्रको काम भइरहेको छ। चालु आर्थिक वर्ष २०७९/८० मा मनाङमा १६ योजना थप भएका छन्। वर्खा याममा बाढी पहिरा र हिउँदमा हिउँले सामग्री ढुवानी गर्न सकस हुने हुँदा समयमै काम सम्पन्न गर्न नसकिएको कार्यालयले जनाएको छ।

# भानुको दोरदोरकोटलाई पर्यटकीय गन्तव्य बनाउन पहल

**पोखरापत्र संवाददाता**

**दमौली, २१ साउन**

तनहुँको भानु नगरपालिका-३ दोरदोरकोटलाई पर्यटकीय गन्तव्यस्थल बनाउन पहल थालिएको छ। बाइसे चौबिसे राज्यको पालामा तनहुँसुरको सेन वंशीय राजाले सुरक्षा पोष्टका रूपमा प्रयोग गरेको उक्त गढीलाई पर्यटकीय गन्तव्यस्थल बनाउन पहल थालिएको हो।

भानु नगरपालिकाले उक्त क्षेत्रलाई पर्यटकीय गन्तव्यका रूपमा विकास गर्न चासो देखाएको छ। नगरपालिकाको उक्त कदममा भानुस्थित नेपाली सेनाको रुरु भैरव दल गणले पनि हातेमालो गर्ने भएको छ। नगरपालिकाले गढीलाई व्यवस्थित बनाई नेपालको राष्ट्रिय झण्डा राख्ने योजना बनाएको नगरप्रमुख आनन्दराज त्रिपाठीले बताउनुभयो। साथै यस क्षेत्रमा आयमूलक कार्यक्रम सञ्चालन गर्ने योजना बनाइएको छ। रुरु भैरव दल गणले गढी संरक्षणमा स्थानीयसँग सहकार्य गरी कार्य गर्ने योजना बनाएको गणका गणपति प्रमुख सेनानी हिमाञ्चलजङ्ग शाहले बताउनुभयो। गणले नागरिकसँगको हातेमालो कार्यक्रमअन्तर्गत उक्त गढीमा सरसफाइ र वृक्षरोपण गरेको छ।

गढीलाई थप व्यवस्थित बनाउन कालिका मन्दिरको जीर्णोद्वार, खानेपानी र बिजुली बत्तीको व्यवस्था गर्नुपर्ने दोरदोर कालिका मन्दिर संरक्षण समितिका अध्यक्ष मङ्गलबहादुर रानाले बताउनुभयो। "प्रचारप्रसारको अभावमा यो ठाउँ ओझेलमा परेको छ, नगरपालिकाले यसमा चासो दिएर यसलाई प्रचारप्रसार गर्नेतर्फ ध्यान दिनुपर्छ," उहाँले भन्नुभयो। डुम्रेबजारबाट भन्सार नारेश्वरटार, भकुन्थोक हुँदै करिब १४ किलोमिटरको दूरीमा अवस्थित गढीबाट तनहुँको बन्दिपुर, मैवल, भन्सार, तनहुँसुर, वसन्तपुर थानीथान, चोकचिसापानी, लमजुङका विभिन्न स्थान, गोरखाको पालुङटार, लिगलिग, गाईखुर, च्याङ्ली लगायतका ठाउँ देख्न सकिन्छ।

# काठमाडौँका सडकमा फोहरको डङ्गुर

**रासस**

**काठमाडौं, २१ साउन**

दुई महिनादेखि काठमाडौँको सडकमा फोहर थुप्रदा नागरिकलाई आवतजावत गर्नसमेत समस्या भएको छ।

बाटो मर्मतको कारण देखाउँदै काठमाडौँ महानगरपालिका र अन्य निजी क्षेत्रले समेत नियमितरुपमा फोहरको अन्तिम व्यवस्थापनको काम नगर्दा सडकमा जताततै फोहर देखिन थालेको हो।

विशेष गरी काठमाडौँका मुख्य सडक कलङ्की, कालीमाटी, टेकु, अनामनगर, बानेश्वर, थापागाउँ, कोटेश्वरलगायत स्थानका सडकमा लामो समयदेखिको फोहरको थुप्रो हुँदा समस्या आएको छ। यता कामपाले भने सिसडोलबाट बञ्चरेडाँडासम्म जाने सडक मर्मतको काम पूरा नभएकाले साविकबमोजिम फोहर व्यवस्थापन हुन नसक्दा काठमाडौँको मुख्य चोकमा फोहर थुप्रिन थालेको जनाएको छ। यही साउन ४ गते काठमाडौँ महानगरपालिकाले सार्वजनिक सूचना जारी गर्दै सडक मर्मतको काम गर्नुपर्ने भएकाले एक हप्ताका लागि घर बाहिर फोहर ननिकाल्न आग्रह गरेको थियो। एक हप्ताको समयमा पनि सडक मर्मतको काम पूरा नभएपछि सबै सवारी साधन चलाउन कठिन भएकाले फोहर व्यवस्थापनमा समस्या भएको कामपाका प्रवक्ता नवीन मानन्धरले जानकारी दिनुभयो। उक्त बाटो मर्मतको काम सम्पन्न गर्न अझै समय लाग्ने भएकाले कही दिन सबै स्थानको फोहर व्यवस्थापन गर्न कठिन हुने उहाँको भनाइ छ। त्यसैगरी बञ्चरेडाँडाका स्थानीयले सम्झौताअनुसार काम नभएको भन्दै आगामी भदौ १ गतेदेखि फोहर व्यवस्थापन गर्न नदिने चेतावनी दिएका छन्। समयमा नै सडक मर्मतको काम नगरेको, फोहर बोक्ने गाडीमा (लिचड ट्याङ्की) फोहरको लेदो रहने भाँडो व्यवस्था नगरिएको, स्थानीयको स्वास्थ्य बीमा, शिक्षाको प्रत्याभूतिजस्ता विषयबारे बेवास्ता गरिएको भन्दै स्थानीयवासीले फोहर व्यवस्थापन गर्न नदिने चेतावनी दिएका छन्। कामपाले बञ्चरेडाँडाका स्थानीयको माग सम्बोधनको चरणमा रहेको जनाउँदै उपत्यकाको कुहिने फोहर यही व्यवस्थापन गर्नका लागि स्थान पहिचानको काम गरिरहेको जानकारी दिएको छ। त्यसका लागि उपत्यकाको अन्य नगरपालिकासँगको सहकार्यमा जग्गा पहिचानको काम भइरहेको बताइएको छ।

# मालेपाटन आठौं खुला तिजगीत तथा महिला खेलकुद प्रतियोगिता भदौ १२ गतेदेखि

**पोखरापत्र संवाददाता**

**पोखरा, २१ साउन**



पोखरा महानगरपालिका वडा नं. ५ मा रहेको सुर्यचन्द्र विकास समाजले भदौ १२ देखि १४ गतेसम्म आठौं सस्करणको खुला तिजगीत तथा महिला खेलकुद प्रतियोगिता गर्ने भएको छ। कोभिडका कारण दुई वर्ष स्थगित रहेको प्रतियोगिता यस वर्ष सञ्चालन गरिने सुर्य चन्द्र विकास समाजले जनाएको छ।

तिज गित प्रतियोगितासँगै महिलाहरुको छेलो प्रतियोगिता र दौड प्रतियोगितासमेत राखिने अयोजकले बताएको छ।

तिज गित प्रतियोगितामा प्रथम हुने टिमले नगद रु २० हजार, दोश्रोले १५ हजार, तेश्रोले १० हजार र सान्त्वनाले ५ हजार प्राप्त गर्ने छन्।

साथै उत्कृष्ट भेषभुषा, उत्कृष्ट नृत्य र दर्शक उत्कृष्ट नृत्यमा पनि पुरस्कार राखिएको आयोजकले जनाएको छ। प्रतियोगितामा ५ लाख ३८ हजार खर्च हुने बताइएको छ। प्रतियोगिता मालेपाटन खेल मैदानमा हुनेछ।

प्रतियोगितालाई भव्यरुपमा सम्पन्न गर्न विभिन्न उपसमिति समेत गठन गरिएको छ। जसमा आर्थिक व्यवस्थापनको संयोजकमा दिपकप्रसाद बराल, प्रचारप्रसारमा सावित्री कोइराला, प्राथमिक उपचारमा कमला गौतम, मञ्च साउण्ड सिस्टम खाजा तथा खेलकुद व्यवस्थापनमा विमल श्रेष्ठ, निर्णयक मण्डल व्यवस्थापन तथा चिठीपत्रमा हेमराज भण्डारी, श्रण्टा सम्मान व्यवस्थापनमा वसन्तराज भण्डारी, अतिथि सत्कारमा कमला सुनार, स्वयंसेवक परिचालनमा मुन्द्रमान श्रेष्ठ, तिजगित प्रतियोगि व्यवस्थापनमा महेश्वर बराल, महोत्सव अनुगमत तथा मुल्यांकनमा लक्ष्मण कोइराला र महोत्सव सल्लाहकार उपसमितिको संयोजकमा उज्वल खत्रीलाई चयन गरिएको छ।

साथै खेलकुदका लागि अफिसियल रेफ्रि शुसिल केसीलाई चयन गरिएको आयोजकले जानकारी दिएको छ।

# राधाकृष्ण बृद्धाश्रममा खाद्यान्न सहयोग

**पोखरापत्र संवाददाता**

**पोखरा, २१ साउन**



लायन्स क्लब अफ पोखरा लेकसाइड र लायन्स क्लब अफ पोखरा गार्डेनको संयुक्त आयोजनामा पोखरा महानगरपालिका वडा नं ३२ लामेआहालस्थित राधाकृष्ण बृद्धाश्रममा ६५ हजार रुपैयाँ बराबरको खाद्यान्न सहयोग गरिएको छ।

शनिबार बृद्धाश्रममा आयोजित एक कार्यक्रमका बीच प्रमुख अतिथि चिफ एडभाइजर धनीराम बराल, लायन्स क्लब अफ पोखरा लेकसाइडका अध्यक्ष कृष्णकुमार श्रेष्ठ, कार्यक्रम संयोजक जयराम तिमल्सिना, लायन्स क्लब अफ पोखरा गार्डेनका अध्यक्ष राम कंडेलले संयुक्त रुपमा बृद्धाश्रम सञ्चालक समितिका अध्यक्ष प्रेम लिगललाई खाद्यान्न हस्तान्तरण गर्नुभयो। कार्यक्रमका प्रमुख अतिथि धनीराम बरालले विश्वका विभिन्न २१४ राष्ट्रमा फैलिएको लायन्सका माध्यमबाट सामाजिक सेवाका क्षेत्रमा महत्वपूर्ण काम भैरहेको बताउनुभयो। लायन्स क्लबमा आवद्ध सदस्यहरू धनका मात्र नभै मनका धनी रहेको उल्लेख गर्दै उहाँले लायन्सका माध्यमबाट गरिने कुनैपनि सहयोग आवश्यकताका आधारमा लक्षित बर्गमा पुग्नुपर्नेमा जोड दिनुभयो।

लायन्स क्लब अफ पोखरा लेकसाइडका अध्यक्ष कृष्णकुमार श्रेष्ठले ज्येष्ठ नागरिक आश्रमहरूको दीर्घकालीन सञ्चालनमा राज्यको ध्यान पुग्नुपर्नेमा जोड दिनुभयो। राधाकृष्ण बृद्धाश्रममा ज्येष्ठ नागरिकहलाई सम्मानपूर्वक सुखी र खुसी भएर बसेको पाइएको बताउँदै उहाँले संघ संस्थाका तर्फबाट गरिने सहयोगले यस्ता संस्थामा ठूलो राहत पुग्ने धारणा राख्नुभयो। कार्यक्रम संयोजक जयराम तिमल्सिनाले यो सांकेतिक सहयोग भएको बताउँदै आगामी दिनमा पनि यस किसिमका सहयोगले निरन्तरता पाउने विश्वास व्यक्त गर्नुभयो।

राधाकृष्ण बृद्धाश्रमका अध्यक्ष प्रेम लिगलले लायन्स क्लबका तर्फबाट बृद्धाश्रमको सञ्चालनमा महत्वपूर्ण सहयोग पुगेको बताउँदै बृद्धाश्रममा प्राप्त कुल सहयोगको ६० देखि ६५ प्रतिशतसम्म लायन्सबाट सहयोग प्राप्त भएको जानकारी दिनुभयो।

लायन्स क्लब अफ पोखरा लेकसाइडका प्रथम उपाध्यक्ष कीर्तिबल्लभ त्रिपाठी, सचिव भीम आचार्य लगायतले बृद्धाश्रममा गरिने साना साना सहयोगले यहाँको सञ्चालनमा महत्वपूर्ण योगदान पुग्ने विश्वास व्यक्त गर्नुभयो।


सुपथ मूल्यमा आकर्षक छपाइ



पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस्।

हिमालय अफसेट प्रेस

नयाँबजार, पोखरा

फोन नं. : ०६१-५७०६५१

# जनता आवास कार्यक्रम अन्तर्गत दुई सय ८६ घर निर्माण

पोखरापत्र संवाददाता
तनहुँ, २१ साउन

जनता आवास कार्यक्रमअन्तर्गत तनहुँमा दुई सय ४६ घर निर्माण गरिएको छ। आर्थिक अवस्थाले विपन्न र घर बनाउन नसक्ने व्यक्तिको घर निर्माण गरेको हो।

जिल्लाका १० वटै पालिकामा जनता आवास कार्यक्रमअन्तर्गत घर निर्माण गरिएको पूर्वाधार विकास कार्यालय तनहुँका सूचना अधिकारी एवं इन्जीनियर धनमाया मिश्रले जानकारी दिनुभयो।

आर्थिक वर्ष २०७५/७६ मा सङ्घ सरकारमार्फत जनता आवास कार्यक्रम हस्तान्तरण भई आएपछि पूर्वाधार विकास कार्यालयले घर निर्माण थालेको उहाँले बताउनुभयो। निर्माण गरिएका घरमध्ये दोस्रो किस्तामा चार, तेस्रो किस्तामा ५२ र अन्तिम किस्ता लैजान बाँकी एक सय ४२ घरपरिवार रहेका छन्। उक्त कार्यक्रमका लागि रु एक करोड ५७ लाख बजेट विनियोजन गरिएको छ।

पूर्वाधार विकास कार्यालयले सम्झौता भएका दुईवटै भवनको निर्माण सम्पन्न गरेको छ। जलस्रोत तथा सिँचाइ विकास डिभिजन कार्यालय तनहुँको भवन रु दुई करोड ३० लाख ५१ हजारको लागतमा सम्पन्न गरेको हो। विसं २०७७ असोज १ गते सम्झौता गरिएको उक्त भवनको विसं २०७८ फागुन ३० गते निर्माण सम्पन्न गरेको हो। त्यसैगरी भिमाद सामुदायिक भवनको रु एक करोड ३३ लाख ६३ हजारको लागतमा निर्माण सम्पन्न गरिएको छ। स्टकचर थप गर्नुपरेका कारण सम्झौताभन्दा बढी लागत वृद्धि हुन गएको इन्जीनियर मिश्रले बताउनुभयो।

जिल्लामा निर्माणाधीन तीनवटा झोलुङ्गे पुलमध्ये दुई पुलको निर्माण सम्पन्न भएको छ। जिल्लाको आँबुखैरेनी गाउँपालिका-१ मा रु ७७ लाख ७१ हजारको लागतमा उक्त पुल निर्माण गरिएको हो। जिल्लाको भानु नगरपालिका-३ खहरेबाट नारायणचौर गोरखा जोड्ने पुल रु एक करोड २६ लाख ५० हजारको लागतमा सम्पन्न गरिएको छ। उक्त पुल निर्माणपश्चात सयौँ मानिस लाभान्वित भएको बताइएको छ। त्यसैगरी व्यास नगरपालिका-५ र १० जोड्ने मादी नदीमाथि निर्माण गरिएको झोलुङ्गे पुल निर्माण अन्तिम चरणमा पुगेको छ। पुल निर्माणका लागि विसं २०७६ पुस ६ गते सम्झौता भए पनि विद्युत्को हाइटेन्सन सार्ने विषयमा विवाद हुँदा पुल निर्माणमा ढिलाइ हुनगएको कार्यालय प्रमुख दिनेशकुमार घिमिरेले जानकारी दिनुभयो। अहिले विद्युत् पोल सार्नका लागि जग्गा दिने सहमति भएपछि निर्माणकार्य तीव्रगतिमा अघि बढाइएको उहाँले बताउनुभयो।

# कोलाकातामा भानुको चर्चा

-कृष्णराज गौतम
काठमाडौं, २१ साउन (रासस)

नेपाली भाषा तथा साहित्यको विकासमा आदिकवि भानुभक्त आचार्यले पुर्‍याएको योगदानलाई चिरस्थायी बनाउन भारतको पश्चिम बङ्गाल सरकारले स्थानीय हावडा सहर तथा त्यस वरपर क्षेत्रमा आदिकविको स्मरणमा शालिक स्थापनाको साथै भानुचोक घोषणाको गृहकार्य गरेको छ।

कोलकातामा लामो समयदेखि बसोबास गर्ने नेपाली भाषा बोल्ने समुदायले आदिकविलाई अन्तर्राष्ट्रिय तहमा प्रवर्द्धन गर्न गरेका प्रयासस्वरुप उक्त कार्य थालिएको हो।

आदिकवि भानुभक्तको २०९ औँ जन्मजयन्तीको अवसरमा नेपाली जनकल्याण समिति (हावडा) को आयोजनामा हालै सम्पन्न कार्यक्रममा सहभागी हुनुभएका पश्चिम बङ्गालका समन्वयमन्त्री अरुप रायले आदिकवि नेपाली भाषाका अगुवा भएको बताउँदै कोलकातास्थित हावडा सहर तथा त्यस वरपर क्षेत्रलाई उहाँको स्मृतिमा नामकरण गरिने घोषणा गर्नुभयो। आदिकविले रामायणको अनुवादका माध्यमबाट धार्मिक विषय, तत्कालीन नेपाली समाज चिनाउन भूमिका निर्वाह गरेको बताउँदै उहाँको पूर्णकदको मूर्ति निर्माण गर्ने प्रतिबद्धता व्यक्त सो अवसरमा व्यक्त गरियो। धनञ्जय आचार्य र धर्मावतीदेवीका पुत्रको रूपमा तनहुँको रम्घामा विसं १८७१ असार २९ गते भानुभक्तको जन्म भएको थियो। घाँसीको समाजसेवाको भावनाले कुवा बनाउने कार्ययोजनाबाट प्रभावित भानुलाई सो विषयले आदिकवि बन्न प्रेरित गरेको थियो। घाँसीको घाँस काटेर पाटी पौवा बनाउने इच्छाबाट केही नौलो कार्य गर्ने प्रेरणा पाएको भनाइ छ।

राजा रामको आदर्शलाई जनमानसमा फैलाउने व्यक्ति पनि भानु नै हुन्। भाषा, साहित्य, संस्कृति, धर्म, दर्शनको राम्रो अध्ययन भएकाले उनले अनुवाद गरेको रामायण अहिलेसम्म पनि नेपाली जनजिब्रोमा उत्तिकै झुण्डिएको छ। उनलाई राष्ट्रिय विभूतिको सम्मानसमेत प्रदान गरिएको छ। नेपाली जनकल्याण समितिका अध्यक्ष बद्रीविक्रम थापाले आदिकवि भानुभक्त बहुआयामिक व्यक्तित्व भएको कुरा उनका समग्र रचनाले पुष्टि गरेको बताउँनुभयो। विगत २५ वर्षदेखि आदिकविको स्मरणमा यस क्षेत्रमा भानुको जन्मजयन्ती कार्यक्रम गर्ने गरिएको जानकारी उहाँले दिनुभयो। सो समितिले बिहानी नामक वार्षिक साहित्यिक पत्रिका २३ वर्षदेखि भानुमा समर्पित गरेर प्रकाशन गर्दै आएको छ। अयोध्याका राजा दशरथको ज्येष्ठ सन्तानका रुपमा रामको जीवनीका सबै आयामलाई लिपिबद्ध गरिएको रामायण हिन्दू धर्मावलम्बीको ठूलो कृति मानिएको छ। त्यसका संस्कृत श्लोकलाई भावानुवादसहितको 'रामायण' प्रस्तुत गरेर आदिकविले सरल नेपाली भाषामा लेखेको श्लोक अहिले पनि नेपाली समाजमा लोकप्रिय छ। विभिन्न स्थानमा पढाइ हुने गुरुकुलमा यसका श्लोकको सस्वर वाचन गरिन्छ। उहाँको कविताबाट तत्कालीन सामाजिक परिवेश, सांस्कृतिक परम्परा, मूल्यमान्यतालाई अध्ययन तथा गहन विश्लेषण गर्न सकिन्छ। नोबेल पुरस्कार विजेता रवीन्द्रनाथ टैगोरको जन्म पनि कोलकाताको जोडासाँकु भन्ने ठाउँमा सन् १८६१ मे ७ मा भएको थियो। विश्वविख्यात कवि, साहित्यकार, दार्शनिकका रुपमा परिचित टैगोर एशियाकै पहिलो नोबेल पुरस्कार विजेता हुन्। उनले साहित्य, सङ्गीत र चित्रकलामा विशेष ज्ञान राख्थे। उनको काव्यरचना गीताञ्जलिका लागि सन् १९१३ मा साहित्यतर्फको नोबेल पुरस्कार प्रदान गरियो। टैगोरको स्मरणमा पनि नेपालस्थित भारतीय दूतावासका साथै अन्य साहित्यकार र तीनका संस्थाले साहित्यिक कार्यक्रम आयोजना गर्ने गरेको पाइन्छ। साहित्यको प्रभावलाई कुनै पनि भूगोल तथा देशको सिमानाले खुम्चाउन सक्दैन। साहित्य, कला, सङ्गीतको शक्तिले मानवीय संवेदनालाई बुझ्ने, सिर्जनशीलता, ज्ञान, चेतना, विकास, समृद्धिका लागि प्रेरित गर्ने गर्दछ।

विविधताले भरिएको नेपाली जाति समुदायको एकता, राष्ट्रिय पहिचान तथा नेपाली सांस्कृतिक चेतना जगाउन र राष्ट्रिय संस्कृतिलाई बलियो बनाउनमा भानुभक्तको ऐतिहासिक योगदान रहेकोले नेपाली भाषा बोल्ने सबैले उहाँको सम्मान गर्नुपर्ने तिलकराम पौडेलको धारणा छ। ऊर्जा विज्ञ उहाँ नेपाली मूलको भारतीय नागरिक हुनुहुन्छ। भानुभक्तको योगदानलाई फैलाउन महत्वपूर्ण कार्य युवाकवि मोतीराम भट्टले गरेको इतिहास पाइन्छ। करिब तीन लाख नेपाली कामको सिलसिलामा कोलकातामा बसोबास गर्ने गरेको अनुमान छ। नेपाली कला, साहित्य र नृत्यको प्रवर्द्धन गर्न क्रियाशील दिलीप थापा करिब तीन दशकदेखि सोही क्षेत्रमा बसोबास गर्नुहुन्छ। नेपालीका साथै बङ्गालीलाई नृत्य सिकाउँदै आउनुभएका उहाँले नेपाली भाषीहरू विश्वका जुनसुकै स्थानमा भए पनि त्यहाँ भानुजयन्ती मनाउनुपर्नेमा जोड दिनुहुन्छ। नेपाली भाषा तथा समुदायको उन्नयनमा क्रियाशील करिब दुई दर्जन जति सङ्घ संस्था कोलकातामा छन्। भारतको आसाम, मणिपुरलगायतका नेपाली भाषाभाषीको बीचमा भानुभक्तको महिमा ठूलो रहेको पाइन्छ। दार्जिलिङमा भानुभक्तको शालिक छ। त्यहाँ भानुजयन्तीलाई पर्वकै रुपमा मनाइन्छ। बर्मा, भुटानलगायत देशमा पनि भानुजयन्ती मनाइन्छ। नेपाली, अङ्ग्रेजी, बङ्गाली र हिन्दी भाषाका ज्ञाता आशा बराल उपाध्यायले विभिन्न जाति, भाषा, साहित्य र संस्कृतिले सजिएको नेपाललाई पृथ्वीनारायण शाहले भौगोलिक रूपमा एकीकरण गरेको भए पनि आदिकविले भाषा, साहित्य र संस्कृतिमार्फत सबै नेपालीलाई एकताबद्ध बनाउन भूमिका निर्वाह गरेको विचार व्यक्त गर्नुभयो। आदिकविले मानिस जन्मेपछि समग्र समाजका लागि कुनै योगदान गर्नुपर्छ, नाम कृति छाडनुपर्छ भन्ने सन्देश दिएको उहाँको भनाइ थियो।

# सामुदायिक प्रहरी सेवा केन्द्रद्वारा कास्की प्रहरी प्रमुखलाई स्वागत

पोखरापत्र संवाददाता
पोखरा, २१ साउन




सामुदायिक सेवा एवं सामुदायिक प्रहरी सेवा जिल्ला समन्वय समिति कास्कीले जिल्लामा भर्खर आएको नयाँ प्रहरी प्रमुख प्रहरी उपरिक्षक अजय केसीलाई स्वागत गरेको छ।

समुदायमा भइरहेका अहिलेको अवस्थाको बारेमा जानकारी दिने उद्देश्यका साथ सामुदायिक प्रहरी सेवा जिल्ला समन्वय समितिले कास्की प्रहरी प्रमुखलाई स्वागत तथा जानकारी गराएको हो। कार्यक्रममा बोल्दै कास्की प्रमुख अजय केसीले मुख्य गरि ड्रग्स र साइबर ब्युरोलाई महत्व दिएर काम गर्ने बताए। 'यस जिल्लामा भर्खरै आएकाले अध्ययन गर्दैछु। एक अर्कालाई हातेमालो गर्दै अगाडी बढियो भने समाजमा रहेका विकृति, विसंगतिहरुलाई हटाएर सभ्य र शान्त समाजको निर्माण गर्न सक्छौं। हामी तपाईहरुको सुरक्षाका लागि २४ सै घण्टा खटिन प्रतिबद्ध छौं।' -उनले भने। त्यस्तै सामुदायिक प्रहरी सेवा जिल्ला समन्वय समिति कास्कीका कार्यवाहक अध्यक्ष भिम पराजुलीले सेवा केन्द्रले लागुऔषध नियन्त्रणमा महत्वपूर्ण भूमिका खेलिरहेको बताए। सचेतनाका विभिन्न कार्यक्रम गरिरहेको र यसले समाजमा सकारात्मक असर परेको दावी समेत पराजुलीले गरे। उक्त स्वागत कार्यक्रममा वक्ताहरुले सामुदायिक प्रहरी सेवा केन्द्रमा थप १ जना प्रहरी आवश्यक रहेको बताएका थिए।

# सुस्ताएको पर्यटनमा उत्साह भर्ने नेतृत्वको खोजीमा 'टान'

रासस
काठमाडौं, २१ साउन

पर्वतीय पर्यटन व्यवसायीहरूको छाता सङ्गठन ट्रेकिङ एजेन्सिज एशोसिएशन अफ नेपाल (टान)को आगामी निर्वाचनमा अध्यक्ष पदका प्रत्यासीले आ-आफ्नो समूहबाट उम्मेदवारी घोषणा गरेर व्यावसायिक छलफल र प्रचार-प्रसारलाई तीव्रता दिएका छन्। अध्यक्षका प्रत्यासीले व्यवसायीमाझ टान नेतृत्वमा पुगेको खण्डमा आगामी कार्योजनाको खाकाको फेहरिस्त प्रस्तुत गरेर माहोल आफ्नो पक्षमा बनाउन दौडधुप गरिरहेका छन्।

निर्वाचनमा आकाङ्क्षीले चुनावी एजेण्डा व्यवसायीमाझ पस्किइरहँदा कोभिड-१९ महामारीले शिथिल बनेको मुलुकको पर्यटन क्षेत्रको पुनरुत्थान र व्यवसायमा उत्साह भर्न सक्ने नेतृत्वको खोजीमा पर्यटन व्यवसायी रहेका छन्। उनीहरूले स्पष्ट कार्ययोजनासहितको नेतृत्व आउनसकेमा यो क्षेत्रको सुधारका लागि टेवा पुग्ने विश्वास लिएका छन्। टानको नयाँ कार्यसमितिका लागि हुने निर्वाचनमा अध्यक्ष पदमा हालसम्म चार प्रत्यासी चुनावी अभियानमा छन्। वरिष्ठ पर्यटन व्यवसायी निलहरि बाँस्तोला, राजेन्द्रप्रसाद सापकोटा, कमल सापकोटा र बोधराज भण्डारीले टान नेतृत्वका लागि आकाङ्क्षा देखाएका छन्। अध्यक्षका प्रत्यासीले व्यावसायिक छलफल र प्रचार-प्रसारलाई तीव्रता दिएका छन्। अध्यक्षका प्रत्यासीमध्येका पर्यटन व्यवसायी निलहरि बाँस्तोलाले टान नेतृत्वमा पुगेको खण्डमा टानलाई पूर्ण व्यावसायिक हितका लागि काम गर्ने प्रभावकारी संस्थाको रूपमा स्थापित गर्दै पर्वतीय पर्यटन विकास र प्रवर्द्धनमा आफूलाई सक्रिय बनाउने बताउनुभयो।

टानलाई डिजिटलाइज गर्दै पूर्ण व्यवसायीमैत्री संस्थाको रूपमा विकास गर्ने योजना सुनाउनुभएका बाँस्तोलाले पर्यटन क्षेत्रलाई गुणस्तरीय र दक्ष मानव स्रोतसाधनयुक्त बनाइने बताउनुभयो। उहाँले भन्नुभयो, "पर्यटन क्षेत्रलाई गुणस्तर अभिवृद्धि गर्न जरुरी छ। बिजनेस दर्ता गरेर मात्रै सम्भव हुँदैन। त्यो व्यवसायी व्यवसाय गर्न सम्भव छ कि छैन। पदमार्गमा कुनै पदयात्री कुनै पनि खाले समस्यामा परेर सहयोग खोजेको अवस्थामा टानले सहजीकरण गर्ने वातावरण हुनुपर्छ।" अध्यक्षका अर्का प्रतिस्पर्धी व्यवसायी राजेन्द्रप्रसाद सापकोटाले पर्यटन क्षेत्रको प्रवर्द्धनमा प्रभावकारी भूमिका खेल्ने उद्देश्यले टान नेतृत्वमा आउन चाहेको बताउनुभयो। उहाँले निजी क्षेत्रको साझेदारिताका लागि गठित पर्यटन बोर्ड र टानको सहकार्य बढाएर प्रवर्द्धनात्मक कामलाई अघि बढाउने विश्वास व्यक्त गर्नुभयो। सापकोटाले पदयात्री सूचना व्यवस्थापन प्रणालीलाई प्रभावकारी बनाएर व्यवसायी र मजदुरबीचको भावनात्मक एकता अभिवृद्धि गरिनुपर्ने बताउनुभयो।

अध्यक्षका प्रत्यासी कमल सापकोटाले पर्वतीय पर्यटनको विकास एवं प्रवर्द्धनका लागि सक्रिय भूमिका निर्वाह गर्ने योजनासहित टान नेतृत्वमा जान चाहेको बताउनुभयो। पर्यटन क्षेत्रमा लामो अनुभव भएका व्यवसायी बोधराज भण्डारीले टानका साधारण सदस्यप्रति उत्तरदायी भएर काम गर्ने विश्वास व्यक्त गर्नुभयो। आगामी साउन ३० गतेका लागि तय गरिएको टानको ४४औं साधारणसभा एवं निर्वाचनबाट नयाँ कार्यसमिति चयन हुनेछ। टानको अध्यक्ष, पदाधिकारी र सदस्य गरी कुल २५ सदस्यीय कार्यसमितिमध्ये १७ निर्वाचित र बाँकी सदस्य मनोनित गरिनेछ। टानमा करिब एक हजार आठ सय सदस्य रहेका छन्।

# तनहुँका दस क्रसर उद्योग दर्ता बिना सञ्चालन

पोखरापत्र संवाददाता
तनहुँ, २१ साउन

जिल्लाका विभिन्न स्थानमा रहेका क्रसर उद्योग बिना दर्ता सञ्चालन हुँदै आएका छन्। जिल्लामा सञ्चालनमा रहेका १९ क्रसर उद्योगमध्ये १० वटा दर्ता नभएको र सर्त पूरा नगरी सञ्चालन हुँदै आएका हुन्।

अन्य नौवटाले दर्ता गरी सञ्चालन गरे पनि मापदण्ड पूरा नगरेकाले नवीकरण रोकिएको जिल्ला समन्वय समितिले जनाएको छ। क्रसर उद्योग सञ्चालनका लागि राजमार्ग र खोला वा नदी किनार, पक्की पुल, ऐतिहासिक तालतलैया, जलाशय र पोखरीबाट पाँच सय मिटर टाढा हुनुपर्ने मापदण्ड छ।

त्यसैगरी शिक्षण संस्था, स्वास्थ्य, धार्मिक, सांस्कृतिक, पुरातात्विक महत्वका स्थान तथा सुरक्षा निकाय, अन्तर्राष्टिय सीमा, वन, निकुञ्ज तथा आरक्ष, घना बस्तीबाट दुई किलोमिटर, चुरे पहाडको फेदीबाट एक हजार पाँच सय मिटर र हाइटेन्सन लाइनबाट दुई सय मिटर दूरीमा उद्योग सञ्चालन गर्नुपर्ने प्रावधान छ। कुनै सर्त पूरा नगरी र उद्योग पनि दर्ता नगरी सञ्चालन गर्ने उद्योगहरूमा विद्युत् आपूर्ति बन्द गर्न नेपाल प्राधिकरणमा पत्राचारका लागि जिल्ला प्रशासन कार्यालयलाई अनुरोध गरिएको छ। जिल्ला अनुगमन समितिले विभिन्न मितिमा अनुगमन गरी मापदण्ड विपरीत सञ्चालन हुँदै आएका क्रसर उद्योग बन्द गर्ने समितिले निर्णय गरे पनि अटेर गरी सञ्चालन गर्दै आएका जिल्ला समन्वय समितिका सुब्बा नरबहादुर मगरातीले जानकारी दिनुभयो। त्यसरी सञ्चालन भएका क्रसर उद्योगहरूमा शुक्लागण्डकी नगरपालिकाभित्र सात, म्याग्दे गाउँपालिकामा दुई र बन्दिपुरमा एकवटा छन्। शुक्लागण्डकी-७ स्थित ए सिक्स एग्रिगेट कम्पनी प्रालि, मेलमिलाप ढुङ्गा, बालुवा, गिट्टी उद्योग, शुक्लागण्डकी-२ मा एसएन एलए एग्रिगेट एन्ड क्रसर उद्योग प्रालि, सिद्धेश्वर एग्रिगेट एन्ड कङ्क्रिट ब्लक उद्योग, जय महालक्ष्मी एग्रिगेट इन्डस्ट्रिज प्रालि र शुक्लागण्डकी-५ स्थित प्रोपर कन्स्ट्रक्सन एन्ड क्रसर इन्डस्ट्रिज प्रालि छन्।

त्यसैगरी म्याग्दे गाउँपालिका-४ र ५ मा क्रमशः सेती दोभान ब्लक एन्ड एग्रिगेट उद्योग र ढोर बाराही एग्रिगेट इन्डस्ट्रिज रहेका छन्।

अधिकांश क्रसर उद्योग घरेलु तथा साना उद्योग समितिलगायत अन्य निकायमा पनि दर्ता नगरी सञ्चालन गरेको भेटिएकाले बन्द गर्नका लागि निर्णय गरी सम्बन्धित पालिकामा परिपत्र गरिएको जिल्ला समन्वय समितिका प्रमुख शान्तिरमण वाग्लेले जानकारी दिनुभयो।

# अन्तर्राष्ट्रिय उडानमा २७ एयरलाइन्स

रासस
काठमाडौं, २१ साउन

त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल भएर दुई नेपालीसहित हाल २६ एयरलाइन्सले अन्तर्राष्ट्रिय उडान भर्दै आएका छन्। यीमध्ये नेपालसहित २१ देशका २४ एयरलाइन्सले सम्बन्धित मुलुकमा सिधा हवाई उडान भर्दैआएका छन्।

आगामी असोज १५ देखि क्याथे प्यासिफिकले पनि सिधा उडान भर्ने भएपछि अन्तर्राष्ट्रिय उडान भर्ने एयरलाइन्सको सङ्ख्या २७ पुग्नेछ। त्रिभुवन विमानस्थलमा कोभिड-१९ महामारीपूर्व नेपालका तीनसहित ३० देशका एयरलाइन्सले उडान भर्दै आएका थिए। कोभिडपछि अन्तर्राष्ट्रियतर्फ अहिले दैनिक सरदर ७० उडान भइरहेको छ। यो विमानस्थलमा आन्तरिकतर्फ हाल ११ हेलिकप्टर कम्पनीसहित २० वायुसेवा प्रदायकले उडान सञ्चालन गर्दै आएका छन्। नेपालले हालसम्म ४० मुलुकसँग हवाई सेवा सम्झौता गरिसकेको छ। पछिल्लो पटक नेपालले सन् २०१९ मा अष्ट्रेलियासँग हवाई सेवा सम्झौता गरेको थियो।

रक्तदान
जीवनदान

# थप छ सय ६० जनामा कोरोना भाइरस सङ्क्रमण

रासस
काठमाडौं, २१ साउन

शनिबार छ सय ६० जनामा कोरोना भाइरस सङ्क्रमण पुष्टि भएको छ। स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले जारी गरेको नियमित बुलेटिनका अनुसार चार हजार छ सय ८२ जनामा परीक्षण गर्दा सो सङ्ख्यामा सङ्क्रमण पुष्टि भएको हो।

योसँगै हाल सक्रिय सङ्क्रमितको सङ्ख्या पाँच हजार छ सय ४१ पुगेको छ। यस अवधिमा चार सय ४४ जना सङ्क्रमणमुक्त भएका छन्। हालसम्म नौ लाख ७२ हजार ६४ जना सङ्क्रमणमुक्त भएका छन्। यस्तै आज कोरोना भाइरसको सङ्क्रमणबाट एक जनाको निधन भएको छ। यससँगै अहिलेसम्म ११ हजार नौ सय ७१ जनाको सङ्क्रमणबाट निधन भएको छ।

पाँच सयभन्दा बढी सङ्क्रमित भएका जिल्ला काठमाडौँ र ललितपुर तथा दुई सयभन्दा बढी सङ्क्रमित भएका जिल्ला मोरङ र कास्की रहेका छन्। सङ्क्रमित शून्य भएका जिल्ला मनाङ, कालिकोट र हुम्ला रहेका छन्। यस्तै होम आइसोलेसनमा पाँच हजार चार सय ७१, संस्थागत आइसोलेसनमा एक सय ७०, सघन उपचारकक्ष (आइसीयू)मा ४६ र भेन्टिलेटरमा दुई जनाको उपचार भइरहेको छ। विगत २४ घण्टामा २० हजार छ सय ६६ जनाले कोरोना भाइरसविरुद्धको खोप लगाएका छन्।